**बूढानीलकण्ठ नगरपालिकाको शिक्षा नीति २०७९**


| क्र सं | विषयसूची | पाना नं | कैफियत |
|---|---|---|---|
| 1. | सन्दर्भ | १ | |
| 2. | परिचय | २ | |
| 3. | बूढानीलकण्ठ नगरपालिकाको  शैक्षिक समस्याहरु | ४ | |
| 4. | बूढानीलकण्ठ नगरपालिकाको  शैक्षिक अबसर र चुनौतीहरु | ५ | |
| 5. | शिक्षा नीतिको आबश्यकता | ५ | |
| 6. | दीर्घकालिन सोच | ६ | |
| 7. | लक्ष्य | ६ | |
| 8. | उद्धेश्य | ६ | |
| 9. | रणनीति | ७ | |
| 10. | नीति तथा कार्यनीति | ७ | |
| 11. | नीति कार्यान्वयन कार्ययोजना | ११ | |
| 12. | कार्यान्वयनको जोखिम र जोखिम न्युनिकरणका उपायहरु | १३ | |
| 13. | कानूनी व्यबस्था | १३ | |
| 14. | आर्थिक प्रबन्ध | १३ | |
| 15. | अनुगमन तथा मूल्याङ्कन | १४ | |
| 16. | नीतिको पुनराबलोकन | १४ | |
| 17. | अनुसूची | १५ | |

## १. सन्दर्भ

नेपालको संबिधानले नेपालको शासकीय स्वरुप संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यबस्था गरेको छ। तीनै तहका सरकारको अधिकार पनि संबिधानको अनुसूचीमा नै उल्लेख गरेको छ। तीनै तहका सरकारको अन्तर सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिध्दान्तमा आधारित हुने व्यबस्था गरेको छ। नेपालको संविधान अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरण, स्थानीय तह संचालन तथा व्यबस्थापन सम्बन्धी विधेयक तथा स्थानीय तहको सेवा संचालन तथा व्यबस्थापन सम्बन्धी आदेश २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले स्थानीय तहलाई आ आफ्नो क्षेत्रको बार्षिक, आबधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरु तयार गरी कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेबारी प्रदान गरेको छ। नेपालको संबिधानको धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकहरु उल्लेख गरिएको छ।  उक्त धारामा उल्लेख गरिएका शिक्षा सम्बन्धी मौलिक हकहरुमा: प्रतेक नागरिकलाई आधारभूत शिक्षामा पहूंचको हक हुने, प्रतेक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिबार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रतेक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने सो को लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र संचालन गर्न पाउने छन्।

नेपालको संबिधान २०७२ धारा ५१मा राज्यका नीतिहरु अन्तरगत नागरिकका आधारभूत आबश्यकता सम्बन्धी नीतिमा शिक्षालाई बैज्ञानिक प्राबिधिक व्यवसायिक सीपमुलक रोजगारमूलक एवं जनमूखी बनाउंदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्टिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृध्दि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरि सेवामुलक बनाउने र नागरिकको व्यक्तित्व विकासको लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रबर्धन गर्ने आदि उल्लेख गरिएका छन्। यी संबैधानिक व्यबस्थालाई कार्यान्वयन गर्न स्थानीय तहको पनि उत्तिकै जिम्मेवारी छ।  संबिधानको अनुसूची ८ को क्रम संख्या ८ मा आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकार अन्तरगत राखेको छ।

नेपाल सरकार म.प.बाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्य विस्तृतिकरणमा संघ, प्रदेश र स्थानीय तहको कार्य विवरणमा शिक्षा सम्बन्धी स्थानीय तहलाई निम्न जिम्मेवारी दिइएका छन्:
आधारभूत तथा माध्यमिक शिक्षा

- प्रारम्भिक बाल विकास तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक (गुरुकुल, मदरसा, गुम्वा आदि) एवं निरन्तर सिकाइ, सामदुायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा सन्चालन अनुमति र नियमन,
- पाठ्यक्रम र पाठ्यसामग्री वितरण र कार्यान्वयन,

- विद्यालय शिक्षक एवं कर्मचारीको व्यवस्थापन,
- विद्यालय नक्सांकन विद्यालय अनुमति स्वीकृति समायवजन र नियमन,
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,
- आधारभूत तह कक्षा ८ को परीक्षा व्यवस्थापन,
- विद्यार्थी प्रोत्साहन तथा छात्रबृत्तिको व्यवस्थापन,
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन,
- स्थानीय तहका शैक्षिक ज्ञान सीप र प्रबिधि संरक्षण प्रबर्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालय संचालन तथा व्यवस्थापन,
- माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको शिक्षा सम्बन्धी २३ वटा काम कर्तव्य र अधिकारहरु शिक्षा नीति निर्माणका मुख्य आधारहरु हुन्।

अनुसूची र कार्य विस्तृतिकरणमा दिइएका स्थानीय तहका शिक्षा सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, बार्षिक, आबधिक तथा रणनीतिक र दीर्घकालिन शैक्षिक योजनाहरु तयार गर्न र शिक्षा सम्बन्धी ऐन, नियमहरु, निर्देशिकाहरु कार्यबिधिहरु निर्माण गर्न शिक्षा नीतिले निर्देश गर्दछ। यिनै सन्दर्भलाई मनन गरी बूढानीलकण्ठ नगरपालिकाले शिक्षा नीति तयार गर्नको लागि पूर्व सचिब लक्ष्मीराम पौडेलको संयोजकत्वमा ९ सदस्यीय नीति निर्माण समिति बनाएको छ। समितिको सदस्य सचिबमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाका प्रमुख एवं उपसचिब ललित विक्रम सिंह रहनुभएको छ।

## २. परिचय

बूढानीलकण्ठ नगरपालिका प्रसिध्द धार्मिक स्थल बूढानीलकण्ठको नामबाट राखिएको हो। काठमाण्डौ जिल्लाको साबिक ६ वटा गाउं विकास समितिहरु मिलाएर बूढानीलकण्ठ नगरपालिका बनेको हो। साबिक ६ वटा गाउं विकास समितिहरुमा चपली, भद्रकाली, चुनिखेल, महाङ्काल, विष्णु बुढानिलकण्ठ र कपन रहेका छन्। यस नगरपालिकाको नामाकरण यहाँको प्रसिध्द धार्मिक स्थल बूढानीलकण्ठ मन्दिरलाई आधार मानेर गरिएको पाइन्छ। शुरुमा १९ वडामा बिभाजन गरिएको यो नगरपालिका २०७२ फागुन २७ मा मन्त्रिपरिषदको निर्णय अनुसार १३ वडामा विभाजन गरियो। यो नगरपालिका ऐतिहासिक, सामाजिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक हिसाबले पनि ज्यादै महत्वपूर्ण छ। यो नगरपालिकाको पूर्वमा गोकर्णेश्वर नगरपालिका र काठमाण्डौ महानगरपालिकाको वडा नं ६, पश्चिममा टोखा नगरपालिका, उत्तरमा नुवाकोट जिल्ला र दक्षिणमा काठमाण्डौ महानगरपालिकाको वडा नं. ३, ४, ६, ७ र टोखा नगरपालिकाको वडा नं. ७ पर्छ। यस नगरपालिका भित्र बूढानीलकण्ठ सहित चण्डेश्वर, रुद्रेश्वर, भद्रकाली, पन्चकन्या, बंगलामुखी जस्ता धार्मिक महत्वका मन्दिरहरु पर्छन्।

बूढानीलकण्ठ नगरपालिका शैक्षिक दृष्टिकोणले पनि अग्र स्थानमा छ। यहाँको विद्यालय, शिक्षक र विद्यार्थी विवरण तल दिइएको छ।

| विद्यालको किसिम | विद्यालय संख्या | | | | शिक्षक संख्या | | | विद्यार्थी संख्या | | | कलेज | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ECD | प्रा.वि | नि.मा | मा. | प्रा.वि | नि.मा. | मा. | ECD | १-८ | ९-१२ | | |
| सामुदायिक | २० | ४ | ४ | ११ | १२० | ६० | ६५ | | | | ३ | |
| संस्थागत | ३५ | ७ | ९ | ७२ | प्राप्त नभएको | | | ६४१३ | २१११५ | ७०७२ | | |
| गुम्बा | | | | १ | ५ | ४ | ५ | २९ | २५० | २२ | | |
| गुरुकुल/वेद विद्याश्रम | | | १ | | | ४ | | | १८ | | | |
| महिला विद्यालय | | १ | १ | | | ६ | | | ११४ | | | |

शिक्षक विवरण (सामुदायिक विद्‌यालयको मात्र)

| क्र.सं. | विद्यालय | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्राथमिक | ८५ | ३५ | १२० | |
| २. | नि.मा. | २० | ३७ | ५७ | |
| ३. | मा. | ११ | ५४ | ६५ | |

(संस्थागत विद्‌यालयको शिक्षक संख्या उपलब्ध नभएको)

यस नगरपालिकामा खुला विद्‌यालय २ वटा र महिला विद्‌यालय २ वटा संचालनमा छन्। तथ्याङ्कले विद्‌यालय कर्मचारी संख्या २० जना मात्र देखाउंछ।

यस नगरपालिकाको केही महत्वपूर्ण शैक्षिक सूचकहरु तल दिइएको छ।

केही महत्वपूर्ण शैक्षिक सूचकहरु

| क्र.सं. | सूचकहरु | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | पूर्व प्रा.वि.को सहजै देखिने भर्नादर | ९७.६८ | |
| २. | आधारभूत तहको सहजै देखिने भर्नादर | ९६.३४ | |
| ३. | माध्यमिक तहको सहजै देखिने भर्नादर | ९५.१७ | |
| ४. | आधारभूत तहको (१-५) खुद भर्नादर | ९६.५५ | |
| ५. | आधारभूत तहको (१-८) खुद भर्नादर | ९५.६८ | |
| ६. | माध्यमिक तहको खुद भर्नादर | ९५.६४ | |
| ७. | आधारभुत तहको कक्षा छाड्ने दर | १४.४५ | |
| ८. | माध्यमिक तहको कक्षा छाड्ने दर कक्षा ९ १० | २५.१९ | |
| ९. | आधारभूत तहको उत्तिर्ण दर | ९५.७२ | |

| | | | |
|---|---|---|---|
| १०. | माध्यमिक तहको उत्तर्ण दर | ८८.१८ | |
| ११. | आधारभूत तहको सिकाई उपलब्धि | ७६.५१ | |
| १२. | माध्यमिक तहको सिकाई उपलब्धि | ६७.८७ | |
| १३. | शिक्षक विद्यार्थी अनुपात आधारभूत /माध्यमिक | २६.५८/४२.२९ | |
| १४. | योग्यता पुगेका शिक्षक प्रतिशतआधारभूत /माध्यमिक | १०० | |
| १५. | तालिम प्राप्त शिक्षक आधारभूत /माध्यमिक | ९८.७२/९३ | |
| १६. | योग्यता पुगेका प्रधानाध्यापक आधारभूत /माध्यमिक | ५५.५५/३० | |
| १७. | महिला शिक्षक अनुपात आधारभूत /माध्यमिक | १.४५/०.२० | |
| १८. | लैंगिक समता सूचक आधारभूत /माध्यमिक | | |

माथी उल्लेखित शैक्षिक तथ्याङ्क एवं सूचकहरुलाई हेर्दा शैक्षिक उपलब्धी सकारात्मक देखिन्छन्। तैपनि केही शैक्षिक समस्याहरुसंग नगरपालिका जुधिरहन परेको अबस्था छ।

**३. समस्याहरु**

- समुदायमा आधारित प्रारम्भिक बाल बिकास तथा शिक्षाका कार्यक्रम संचालन हुन नसक्नु।
- शिक्षक र कर्मचारीमा उत्प्रेरणा, मनोबल र कार्यक्षमताको कमी।
- सबै बालबालिकालाई विद्यालय भर्ना गर्न नसकिनु।
- तहगत रुपमा योग्य प्रधानाध्यापक र विषयगत रुपमा शिक्षक दरबन्दी मिलाउन नसकिनु।
- सुबिधाबिहिन समुहका बालबालिकालाई विद्यालयमा भर्ना गरी टिकाइराख्न नसकिनु।
- प्राविधिक तथा व्यबसायिक शिक्षाको विस्तार गर्न नसकिनु।
- समुदाय परिचालनमा अभिभाबकको सहभागिता बढाउन नसकिनु।

शिक्षकहरुको मनोबल माथी नउठाउंदा सम्म गुणस्तरीय शिक्षाको प्रत्याभूत गराउन संभब छैन। विद्यालयहरुमा न्यूनतम् सिकाई सक्षमताको सुनिश्चितता गराउन सकिएको छैन। यस नगरपालिकालाई वि.सं. २०७६ मा साक्षर घोषणा गरिएको थियो। ९५.६६% साक्षर जनसंख्या रहेको तथ्याङ्कलाई आधार मान्दा सीमित छुटेका बाहेक निरक्षर जनसंख्या छैन। साक्षर जनतालाई सशक्तिकरण सहित साक्षरोत्तर कार्यक्रमलाई प्राथमिकतामा राखेर संचालन गर्नुपर्ने देखिन्छ। सोको लागि योजना र बजेट व्यबस्थापन मुख्य चुनौतीको रुपमा रहेको छ। विद्यालयका शिक्षक, कर्मचारी र प्रारम्भिक बाल बिकास तथा शिक्षाका सहयोगी कार्यकर्ताहरुले न्यूनतम् सेवा सुविधा उपलब्ध गराएतापनि अपेक्षित रुपमा उत्प्रेरणा, मनोबल र कार्यक्षमता बृध्दि हुन सकेको देखिदैन।

कक्षा छाड्ने दर घटाउन विद्यालय व्यबस्थापनमा सुधार गरि अभिभाबकहरुमा सचेतना बढाउनु पर्ने देखिन्छ। नगरपालिका भित्र रहेका बालबालिकालाई नगरपालिका बाहिर जानु नपर्ने गरी उनीहरुकै इच्छा र रुची अनुसारको शिक्षा उपलब्ध हुने अबस्था सिर्जना गर्न आबश्यक छ।

**४. अबसर र चुनौतीहरु**

**अबसरहरु**

- नगरपालिकाले शिक्षालाई उच्च प्राथमिकतामा राखेको।
- अभिभाबकहरु र सरोकारवालाहरुको शिक्षामा सहयोग रहेको।
- योग्य र दक्ष शिक्षकको उपलब्धता भएको।
- कानूनले नै स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षाको व्यबस्थापन र संचालनको अधिकार दिएको।
- विद्यालयहरुबीच स्वच्छ प्रतिस्पर्धा रहेको।
- बूढानीलकण्ठको शिक्षा युवा तथा खेलकुद महाशाखा केही गरौं भन्ने सोचका साथ क्रियाशिल रहेको।

**चुनौतीहरु**

- अभिभाबकविहिन र जोखिमपूर्ण अबस्थामा रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने र टिकाइरहने चुनौती।
- अभिभाबकको कमजोर चेतनास्तर र न्यून आर्थिक अबस्था।
- बूढानीलकण्ठ नगरपालिका बाहिर बस्ने बालबालिकाहरुको ड्रप आउट र यसले पार्ने प्रभाब।
- कक्षा छाड्ने दर घटाउने।
- आधारभूत तह सम्म निशुल्क र अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निशुल्क शिक्षाको सुनिश्चितता।
- शैक्षिक सुधारका लागि सरोकारवालाहरुको अपनत्वको अभाव।
- तहगत रुपमा योग्य र दक्ष प्रधानाध्यापकको अभाव।
- सबै शिक्षकहरुमा आधुनिक शिक्षण प्रबिधिको दक्षता।
- विद्यालय अनुगमन र कक्षा अबलोकनमा समय व्यबस्थापनको चुनौती।
- साक्षरोत्तर कार्यक्रमको संचालन र व्यबस्थापन।
- सीपमुलक तालिमको संचालन र व्यबस्थापन।
- प्राबिधिक र व्यवसायिक तालिमको विस्तार।

**५. शिक्षा नीतिको आबश्यकता:** निम्न कारणले शिक्षा नीति तयार गर्नुपर्ने आबश्यकता परेको छ:

- नेपालको संबिधान २०७२ को धारा ३१ मा उल्लेखित शिक्षा सम्बन्धी मौलिक हकहरुको कायान्वयनको लागि।
- नेपालको संबिधान २०७२ को धारा ५१ को खण्ड (ज) मा उल्लेखित नागरिकको आधारभूत आबश्यकता सम्बन्धी नीतिको कार्यान्वयनको लागि।
- राज्यको पुनरसंरचना र अधिकारको बाँडफाँडको आधारमा स्थानीय तहले पाएको जिम्मेवारी पुरा गर्न।
- राष्ट्रिय शिक्षा नीति २०७६ को भावना र मर्म अनुसार स्थानीय तहले निभाउनु पर्ने भूमिकाको लागि।
- नेपाल सरकार म.प.बाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्य विस्तृतिकरणमा संघ, प्रदेश र स्थानीय तहको कार्य विवरणमा शिक्षा सम्बन्धी स्थानीय तहलाई दिइएका जिम्मेवारी पुरा गर्न।

- स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेखित शिक्षा सम्बन्धी स्थानीय तहको २३ वटा कार्यहरुलाई लागु गर्नका लागि।
- शिक्षामा नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबध्दता पुरा गर्न।
- दीगो विकासको लक्ष्यप्रति नेपाल सरकारले देखाएको प्रतिबध्दता र लक्ष्य नं ४ अनुसार समतामूलक गुणस्तरीय शिक्षा प्राप्त गर्न।
- शिक्षा क्षेत्रको योजना २०२१-२०३० का लक्ष्यलाई भेटाउन।
- शिक्षामा सबै नगरबासिको सहज र समतामुलक पहूंच सुनिश्चित गरी व्यबस्थापनमा सुधार गर्दै शिक्षालाई गुणस्तरयुक्त बनाउन।

**६. दीर्घकालिन सोच:**

शिक्षित, सुसंस्कृत र सक्षम जनशक्ति, बुढानिलकण्ठको संबृध्दी।

**७. लक्ष्य:**

बूढानीलकण्ठ नगरपालिकालाई शैक्षिक गन्तव्य बनाउने।

**८. उद्येश्य:**

1) प्रारम्भिक बाल विकास तथा शिक्षामा पहूंच र गुणस्तरीयता बढाउने।
2) आधारभूत र माध्यमिक शिक्षालाई गुणस्तरीय र जीबनोपयोगी बनाउने।
3) प्राबिधिक र व्यबसायिक शिक्षाको अबसर बढाउने।
4) बैकल्पिक शिक्षालाई शिक्षाको अभिन्न अंगको रुपमा विकास गर्ने।
5) अभिभाबक बिहिन र अपाङ्गा भएकाहरुको लागि विद्यालय तहको शिक्षा सुनिश्चित गर्ने।
6) शिक्षालाई समाबेशी र समतामुलक बनाउने।
7) संस्थागत विद्यालयहरुलाई सेवामूलक बनाउने।
8) शिक्षकको क्षमता विकास गर्ने।
9) जीबनोपयोगी र सीपमुलक विषयबस्तु समाबेश गरी साक्षरोत्तर कार्यक्रमलाई निरन्तरता दिने।
10) शिक्षा प्रणालीमा नब प्रबर्तन र अनुसन्धानमा जोड दिने।

**९. रणनीति**

1) प्रारम्भिक बालबिकास तथा शिक्षाको विकास र बिस्तार गर्ने।
2) प्रतेक विद्यालयमा बाल संरक्षण मापदण्ड लागु गराउने।
3) साक्षर नागरिकको लागि जीवन पर्यन्त शिक्षाको सुनिश्चितता गर्ने।
4) कक्षा ८ सम्मको आधारभूत शिक्षालाई पूर्णरुपमा निशुल्क र अनिबार्य गर्ने।
5) सबै नागरिकले कक्षा १२ सम्मको माध्यमिक शिक्षा हासिल गराउने।
6) सबै सामुदायिक विद्यालयलाई क्रमश: नमूना विद्यालय बनाउंदै लगिने छ।
7) माध्यमिक शिक्षामा सहकारी, सरकार, निजी साझेदारी समेतको व्यबस्थापनको शुरुवात गर्ने।

8) विद्यालयहरुको डिजिटाइज्ड नक्साङ्कन गर्ने।
9) प्राबिधिक शिक्षा र व्यवसायिक तालिममा पहूंच बढाउने।
10) एक घर एक सीप, एक रोजगार/स्वरोजगारको हुने गरी सीपमुलक तालिमको विकास गर्ने।
11) नगरपालिका भित्रै नगरबासीलाई विद्यालय शिक्षा प्राप्तिको सुनिश्चितता गर्ने।
12) शिक्षण सिकाइमा सूचना प्रबिधि तथा संचार प्रणालीलाई अंगिकार गर्ने।
13) शैक्षिक तथा भौतिक पूर्वाधारमा अपाङ्ग मैत्री र बालमैत्री कायम गर्ने।
14) विद्यालय बाहिरका शिक्षाका कार्यक्रमलाई व्यबस्थित गर्ने।
15) प्रतेक विद्यालयमा न्यूनतम् सक्षमताको सुनिश्चितता गर्ने।
16) शिक्षक विकास र व्यबस्थापन प्रणालीलाई प्रभाबकारी बनाउने।
17) शिक्षामा लगानी बृध्दि गरी सक्षम र दक्ष नागरिक तयार गर्ने।
18) प्रतेक बर्ष बिद्यालयहरुको मूल्याङ्कन गरि स्तरीकरण गर्ने।
19) मूल र स्थानीय पाठ्यक्रमको कार्यान्वयन र समयानुकुल परिमार्जन गर्ने।
20) अनुगमन र निरीक्षणमा जोड दिने।
21) विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्ने।
22) तहगत रुपमा योग्य र सक्षम प्रधानाध्यापकको सुनिश्चित गर्ने।
23) मानब मूल्य र सुसंस्कृत शिक्षालाई प्रबर्धन गर्ने।

## १०. नीति तथा कार्यनीति

**1) प्रारम्भिक बालबिकास तथा शिक्षालाई तोकेको मापदण्ड अनुसार पूर्वाधारयुक्त बनाउने।**

I. प्रारम्भिक बालबिकास तथा शिक्षामा सुरक्षाको सुनिश्चित गर्ने।
II. प्रारम्भिक बालबिकास तथा शिक्षामा पोषणयुक्त खाजाको सुनिश्चित गर्ने।
III. प्रारम्भिक बालबिकास तथा शिक्षामा समुदायको सहभागिता बढाउने।
IV. प्रारम्भिक बालबिकास तथा शिक्षालाई क्रमश दुइ बर्षे बनाउने।
V. प्रारम्भिक बालबिकास तथा शिक्षाका शिक्षकको योग्यता न्यूनतम् कक्षा १० उत्तिर्ण बनाइ सोही अनुसारको सुबिधा सुनिश्चित गर्ने।
VI. सरकारी निजी साझेदारीमा प्रारम्भिक बालबिकास तथा शिक्षा स्थापना र विस्तार गर्ने।
VII. आर्थिक रुपले विपन्न परिवारका बालबालिकालाई निशुल्क प्रारम्भिक बालबिकास तथा शिक्षाको अबसर उपलब्ध गराउने।

**2) आधारभूत शिक्षालाई निशुल्क र अनिवार्य गरिने।**

I. निशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ अनुसार बालबालिकालाई विद्यालय नपठाउने अभिभाबकलाई नगरपालिकाबाट दिइने सेवा सुबिधा कटौती गरिने।
II. प्रतेक शैक्षिक सत्रको शुरुमा अभियानको रुपमा सबै बालबालिकालाई विद्यालय भर्ना गराउने।
III. सामुदायिक विद्यालय नभएको वडामा समुदाय समेतको सक्रियतामा नयाँ विद्यालय स्थापना गर्ने।

IV. फरक क्षमता भएका बालबालिकाको लागि आबश्यकतानुसार विशेष विद्यालय स्थापना गर्ने।

V. नगरपालिकाभित्रका बालबालिकालाई नगरपालिका भित्रैका पायक पर्ने विद्यालयमा अध्ययन गर्ने व्यबस्था मिलाउने।

VI. विद्यालय छाड्ने दर घटाउन दीवाखाजा, निशुल्क पाठ्यपुस्तक, विद्यालय पोशाक, शैक्षिक सामग्री, छात्रबृत्ति लगायतका सुबिधा र कार्यक्रमलाई प्रभाबकारी बनाउने।

3) **माध्यमिक शिक्षामा सबैको पहूंच सुनिश्चित गर्ने।**

I. सबैको लागि माध्यमिक शिक्षा निशुल्क बनाउने।

II. माध्यमिक तहमा प्राबिधिक धारका विषय थप गर्ने।

III. कमाउंदै पढ्दै कार्यक्रमलाई परीक्षण गरि क्रमश लागु गर्ने।

IV. कक्षा १० सम्म संचालित विद्यालयको पूर्बाधार बढाई कक्षा १२ सम्म पुर्याउने।

V. माध्यमिक शिक्षामा सहकारी, सरकारी, निजी र साझेदारीको अभ्यास शुरु गर्ने।

VI. धार्मिक विद्यालयहरु (गुरुकुल, गुम्वा, गुठी आदि) लाई उत्थान गरी साधारण विद्यालय सरह संचालन र व्यबस्थापन गर्ने।

4) **क्षमता र सीप सहितको पूर्ण साक्षर बूढानीलकण्ठ बनाउने।**

I. साक्षरोत्तर कार्यक्रमको लागि वडा मार्फत घरधुरी सर्बेक्षण गर्ने।

II. नगरबासीलाई जीवनोपयोगी र सीपमुलक कार्यक्रम संचालन गरी आत्मनिर्भर बनाउने।

III. प्रतेक वडामा कम्तिमा एउटा एउटा वाचनालय वा पुस्तकालय वा सिकाई केन्द्र स्थापना गर्ने।

IV. संचालनमा रहेका सामुदायिक सिकाई केन्द्र, बाल क्लब, वाचनालय, पुस्तकालय आदिको प्रभाबकारीता र कार्यदक्षता बढाउने।

V. क्षमता र सीप सहितको साक्षरोत्तर कार्यक्रममा निजी र गैर सरकारी संस्थाहरुको सहभागितामा बढाउने।

**5) गुणस्तरीय शिक्षाको प्रत्याभूत गराउने।**

I. शिक्षण सिकाइ कृयाकलापमा आधुनिक प्रबिधिको प्रयोग गर्ने।

II. प्रतेक विद्यार्थीको न्यूनतम् सिकाइ उपलब्धि सुनिश्चित गर्ने।

III. प्रधानाध्याक र शिक्षकबीच कार्य सम्पादन सम्झौता गर्ने।

IV. विद्यार्थी सिकाई उपलब्धीको परीक्षण गर्ने।

V. सबै सामुदायिक विद्यालयमा योग्य र सक्षम शिक्षकको सुनिश्चित गर्ने।

VI. शिक्षकलाई पेशागत क्षमता अभिबृध्दिको लागि सहयोग उपलब्ध गराउने।

VII. शैक्षिक तथा भौतिक पूर्वाधार लैङ्गिक मैत्री, अपाङ्गता मैत्री र बालमैत्री कायम गर्ने।

**6) शैक्षिक सुशासन कायम गर्ने।**

I. प्रतेक बर्ष विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गर्ने।

II. विद्यालय व्यबस्थापन समिति र शिक्षक अभिभावक संघलाई विद्यालय व्यबस्थापनमा जिम्मेवार र जवाफदेही बनाउने।

III. विद्यालय व्यबस्थापनमा प्रधानाध्यापकलाई जिम्मेबार एवं जवाफदेही वनाउने।

IV. विद्यालयहरुको सामाजिक परीक्षणलाई अझ विश्वासिलो र भरपर्दो बनाइ निरन्तरता दिने।

V. सबै विद्यालय, प्रधानाध्यापक, शिक्षक र कर्मचारिहरुको लागि आचार सहिंता बनाइ लागु गर्ने।

VI. विद्यालय सबै किसिमका शिक्षक र कर्मचारीको सेवाको सुरक्षा र सुबिधाको सुनिश्चित गर्ने।

VII. शिक्षक कर्मचारीलाई मासिक रुपमा तलब भत्ता निकासा दिने।

VIII. प्रतेक बर्ष EMIS अद्याबधिक गराउने।

IX. ट्युसन, कोचिङ्, ब्रिजकोर्ष, तयारी कक्षा एवं शैक्षिक परामर्श संचालन गर्ने आदि संस्थालाई नियमन गर्ने।

**7) समयानुकुल स्थानीय पाठ्यक्रम निर्माण र परिमार्जन गरिने।**

I. मानवीय मुल्य मान्यता र जीवनोपयोगी सीप जस्ता विषयको पठनपाठनमा जोड दिने।

II. स्थानीय पाठ्यक्रमको समयानुकुल पुनर्लेखन तथा परिमार्जन गरिने।

III. पुरातात्विक, साँस्कृतिक, धार्मिक र पर्यटकीय जस्ता नयाँ विषयका स्थानीय पाठ्यक्रमको पहिचान गर्ने।

IV. स्वस्थ प्रतिस्पर्धात्मक रुपमा अतिरिक्त कृयाकलाप संचालन गराउने।

**8) सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन विद्यालय व्यबस्थापन र टोललाई जिम्मेवार बनाउने।**

I. विद्यालयको नक्साङ्कनको आधारमा मात्र नयाँ विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति दिने।

II. नगरपालिका भित्रका विद्यालयमा अध्ययन गर्ने अभिभावक बिहिन र बुढानिलकण्ठ बाहिर बसोबास गर्ने बालबालिकाहरुको ट्र्याकिङ गरि विद्यालय नछाड्ने अबस्थाको सुनिश्चित गर्ने।

III. नगरपालिका भित्रका बालबालिकालाई नगरपालिका भित्रैका विद्यालयमा चाहे अनुसारको शिक्षा प्राप्तिको व्यवस्था गर्ने।

IV. अपाङगता भएका, बिपन्न, द्वन्दपिडित र कठीन अबस्थामा रहेका बालबालिकाहरुको शिक्षामा पहूंच सुनिश्चित गर्ने।

V. सबै विद्यालयहरु भौतिक पूर्वाधारयुक्त बनाउने।

VI. विद्यालय व्यबस्थापनमा व्यवस्थापन समिति र प्रधानाध्यापकलाई जिम्मेबार बनाउने।

VII. बालबालिकालाई अनिबार्य विद्यालय पठाउन र घरमा पढ्ने वातावरण सिर्जना गर्न अभिभाबक र टोललाई जिम्मेबार बनाउने।

**9) मातृभाषामा आधारभूत शिक्षा उपलब्ध गराउने।**

I. समुदायको मागको आधारमा मातृभाषालाई पढाइको माध्यम बनाउने।

II. विद्यालयका कक्षाहरु विद्यालयको सुबिधा र विद्यार्थी र अभिभाबकको चाहना बमोजिम अंग्रेजी वा नेपाली वा दुबै माध्यमबाट पठनपाठन गर्ने सक्ने व्यवस्था मिलाइने।

III. समुदायको मागको आधारमा मातृभाषाका पाठ्यक्रम र पाठ्यपुस्तक लागु गरिने।

**10) माध्यमिक तहमा प्राबिधिक तथा व्यबसायिक शिक्षाको व्यबस्था क्रमश थप गर्दै जाने।**

I. प्राबिधिक शिक्षा तथा व्यबसायिक सीपको नक्साङ्कन गरी आबश्यकतानुसार प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम केन्द्रहरु स्थापना गरिने।

II. प्रतेक परिवारमा कम्तिमा एकजना रोजगार हुने गरी सीपमुलक कार्यक्रम संचालन गरिने। यस्को लागि निजी क्षेत्रलाई समेत संलग्न गराइने।

III. सीप हासिल गरेका युवालाई स्वरोजगारको लागि शिक्षा कोष खडा गरी सो मार्फत सहुलियत दरमा ऋण उपलब्ध गराउन सहजिकरण गरिने।

IV. प्राबिधिक शिक्षाका कार्यक्रमलाई प्रयोगात्मक र व्यवहारिक बनाउन उद्योगी व्यापारीहरुसंग सहकार्य गरिने।

11) संस्थागत विद्यालयलाई नियमन गरी सेवामुलक बनाउने।

I. संस्थागत विद्यालयहरुको विस्तृत विवरण प्रतेक बर्ष अद्याबधिक गराउने।

II. संस्थागत विद्यालयहरुले गरीब तथा जेहन्दार विद्यार्थीलाई कोटा अनुसार छात्रबृत्ति प्रदान गराउने।

III. संस्थागत विद्यालयहरुको समेत सहभागितामा न्यायोचित शुल्क निर्धारण गर्ने।

IV. संस्थागत विद्यालयहरुको नियमित अनुगमन र मूल्याङ्कन गर्ने।

V. संस्थागत विद्यालयहरुबाट प्रदान गरिने शिक्षालाई सुलभ बनाउने।

**12) विद्यालय अनुगमन निरीक्षण र सुपरीबेक्षण प्रणालीको विकास गरी विद्यालयको व्यवस्थापन र गुणस्तरमा सुधार गर्ने।**

I. अनुगमन तथा मूल्याङ्कन संयन्त्र बनाउने।

II. नियमित रुपमा विद्यालयहरुको अनुगमन र सुपरीवेक्षण गर्ने।

III. विद्यालयहरुको अनुगमन र सुपरीवेक्षणमा प्रधानाध्यापकलाई जिम्मेबार बनाउने।

IV. विद्यालय व्यबस्थापन समिति र स्थानीय समाजसेबी/शिक्षाविद्लाई आबश्यकतानुसार विद्यालयहरुको अनुगमनमा परिचालन गर्ने।

**13) विद्यालय र समुदायको सम्बन्ध सुमधुर बनाउने।**

I. समुदाय र स्वास्थ केन्द्र समेतको सहभागितामा एक विद्यालय एक नर्स कार्यक्रम लागु गर्ने।

II. सहभागितामूलक विद्यालय सुधार योजनालाई निरन्तरता दिने।

III. विद्यालयको ३०० मिटर वरिपरी मदिरा बेचविखन गर्न र अबान्छित गतिबिधि गर्न नदिने।

IV. विपतको व्यबस्थापनमा विद्यालयले अगुवाई गर्ने।

V. समय समयमा अभिभावक भेला र अन्तरक्रिया राखी विद्यालय प्रति अभिभावकको अपनत्व बढाउने।

VI. समुदायको माग र सहभागितामा बाल उद्यान निर्माण गर्ने।

**14) शिक्षामा लगानी बढाउने।**

I. शिक्षा कोष खडा गर्ने।

II. शिक्षा कोषको लागि अन्तरीक र बाह्य श्रोतको पहिचान र परिचालन गर्ने।

III. शिक्षामा दिंदै आएको बजेटमा बढोत्तरी गर्ने।

**15) शैक्षिक उपलब्धिको मापन गर्ने।**

I. विद्यार्थी उपलब्धिको स्तर मापन गर्ने।

II. विद्यालयको मूल्याङ्कन गरी स्तरीकरण गर्ने।

III. प्रधानाध्यपक र शिक्षकहरुको कार्य सम्पादन स्तरको मूल्याङ्कन गरी पुरस्कृत गर्ने।

IV. समग्र नगरपालिकाको शैक्षिक उपलब्धीको मापन गर्ने।

**११. नीति कार्यान्वयन कार्ययोजना**

नीति कार्यान्वयन योग्य हुनुपर्छ। नीति कार्यान्वयन गर्न सकियो भने मात्र नीतिको सार्थकता हुन्छ। नीतिमा सबै सरोकारवालाहरुको स्वामित्व ग्रहण गराईयो भने कार्यान्वयनमा उनिहरुको साथ पाइन्छ। शिक्षा नीति नगरपालिकाबाट स्वीकृत भएपछि सम्बन्धित सरोकारवालाहरुको लागि अभिमुखीकरण गरि स्वामित्व ग्रहण गराउनु पर्छ। यही नीतिमा आधारित भएर शिक्षा ऐन, नियमावली कार्यबिधि र निर्देशिकाहरु बनाएर लागु गर्न आबश्यक छ। नीति कार्यान्वयनको लागि आर्थिक श्रोतको व्यबस्थापन महत्वपूर्ण हुन्छ। शिक्षामा लगानी बढाउनुका साथै शिक्षा कोष खडा गरी आन्तरीक र बाह्य श्रोतको पहिचान गर्न आबश्यक देखिन्छ। यी विषयहरुलाई मनन गरी नीति कार्यान्वयनको योजना बनाउने र जिम्मेबार व्यक्ति तोकी समयबध्द रुपमा लागु गर्दै जानु उपयुक्त हुन्छ। नीति कार्यान्वयन कार्ययोजनाको लागि बजेट सहितको ४ बर्षे रणनीतिक योजना बनाउन सिफारिस गरिन्छ। नीति कार्यान्वयन कार्य योजनाको मोटामोटी खाका तल दिइएको छ।

| क्र सं | कार्यविवरण | समयाबधी | | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| | | शुरु गर्ने | सम्पन्न गर्ने | |
| १ | शिक्षा नीति नगरपालिकाबाट स्वीकृत गराउने | | २०८० बैशाष मसान्त | |
| २ | शिक्षा नीतिबारे अभिमुखीकरण गरि सबै सरोकारवालाहरुको स्वामित्व ग्रहण गराउने | | २०८० जेठ मसान्त | |

| | | | | |
|---|---|---|---|---|
| ३ | ४ बर्षे रणनीतिक शिक्षा योजना तयार गर्ने | २०८० जेठ १५ | २०८० श्राबण मसान्त | |
| ४ | रणनीतिक शिक्षा योजना नगरपालिकाबाट स्वीकृत गराउने | | २०८० भाद्र मसान्त | |
| ५ | रणनीतिक शिक्षा योजना सम्बन्धी अभिमुखीकरण गरि सबै सरोकारवालाहरुको स्वामित्व ग्रहण गराउने | | २०८० अशोज मसान्त | |
| ६ | आगामी बर्षकोलागि शिक्षाको बार्षिक योजना तथा कार्यक्रम तथार गर्ने | २०८० जेठ १ | २०८० जेठ मसान्त | |
| ७ | शिक्षा ऐन तयार गर्ने | २०८० जेठ १५ | २०८० भाद्र मसान्त | |
| ८ | शिक्षा ऐन नगरपालिकाबाट स्वीकृत गराउने | | २०८० अशोज मसान्त | |
| ९ | शिक्षा ऐन सम्बन्धी अभिमुखीकरण गरि सबै सरोकारवालाहरुको स्वामित्व ग्रहण गराउने | | २०८० कार्तिक मसान्त | |
| १० | शिक्षा नियमावली तयार गर्ने | २०८० अशोज १५ | २०८० पौष मसान्त | |
| ११ | शिक्षा नियमावली नगरपालिकाबाट स्वीकृत गराउने | | २०८० माघ मसान्त | |
| १२ | शिक्षा नियमावली सम्बन्धी अभिमुखीकरण गरि सबै सरोकारवालाहरुको स्वामित्व ग्रहण गराउने | | २०८० फागुन मसान्त | |
| १३ | शिक्षा सम्बन्धी निर्देशिकाहरु जस्तै: आचारसहिंता सम्बन्धी, दीवा खाजा सम्बन्धी, शुल्क निर्धारण सम्बन्धी, स्थानीय पाठ्यक्रम सम्बन्धी, पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी, सामुदायिक सिकाई केन्द्र संचालन सम्बन्धी, प्रधानाध्यापक र शिक्षकको क्षमता विकास सम्बन्धी, शिक्षक व्यबस्थापन सम्बन्धी, | २०८० असार १ | २०८१ जेठ मसान्त | |

| | | | | |
|---|---|---|---|---|
| | विद्यालय मूल्याङ्कन सम्बन्धी, अनौपचारिक शिक्षा सम्बन्धी, सीपमुलक तालिम सम्बन्धी, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी आदि तयार गरि लागु गर्ने। | | | |

**१२. नीति कार्यान्वयनका जोखिम र जोखिम न्यूनिकरणका उपायहरु**

**जोखिमहरु:**

- सरोकारवालाहरुबाट समयमा पर्याप्त सहयोग प्राप्त हुन नसक्ने।
- आबश्यक पर्ने वजेट समयमा प्राप्त हुन नसक्ने।
- संघीय शिक्षा ऐन समयमा लागु नहुंदा पर्ने जोखिम।
- अनुगमन र मूल्याङ्कनको लागि जनशक्ति व्यबस्थापन, प्रभाबकारीता र निरन्तरता।

**जोखिम न्यूनिकरणका उपायहरु:**

- समयमा शिक्षा सम्बन्धी ऐन, कानूनहरु, कार्यविधिहरु र निर्देशिकाहरुको निर्माण गर्ने।
- सरोकारवालाहरुको सहभागिता बढाउने।
- पर्याप्त बजेटको व्यबस्था गर्ने।
- कार्यान्वयन कार्ययोजना बनाई लागु गर्ने।
- अनुगमन र मूल्याङ्कनमा प्रभाबकारीता बढाउने।

**१३. कानूनी व्यबस्था:** नीति कार्यान्वयन गर्न आबश्यक पर्ने शिक्षा ऐन, शिक्षा नियमावली र निर्देशिकाहरु माथी तालिकामा उल्लेखित समयमा सम्पन्न गर्ने।

**१४. आर्थिक प्रबन्ध:** नीति कार्यान्वयनको लागि नगरपालिकाले एक शिक्षा कोष खडा गर्ने। आन्तरिक र बाहृय श्रोतको सुनिश्चितता गर्ने।

**१५. अनुगमन तथा मूल्याङ्कन:**

- अनुगमन तथा मूल्याङ्कन संयन्त्र बनाउने।
- अनुगमन तथा मूल्याङ्कन संयन्त्रले नगरपालिका भित्रका सबै विद्यालय एवं शैक्षिक कार्यक्रमहरु अनुगमन गरि सुधारका उपायहरु सहित मासिक रुपमा प्रतिबेदन पेश गर्ने।
- संयन्त्रका सुझाबलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने।

**१६. नीतिको पुनराबलोकन:** नीति लागु भएको तेश्रो बर्षमा पुनराबलोकन गरिने।

शिक्षाले आबश्यक जनशक्ति उत्पादन गरि संबृध्द राष्ट निर्माणमा सहयोग गर्छ। शिक्षालाई विकासको पूर्वाधार मानिन्छ। राष्ट्रको आर्थिक, सामाजिक र सांस्कृतिक विकासकोलागि शिक्षाको महत्वपूर्ण भूमिका खेलेको हुन्छ। बूढानीलकण्ठ नगरपालिकाले पनि शिक्षाको विकासलाई नै यस नगरपालिकाको संबृध्दीको

आधार मानेको छ। नगरपालिकाले शिक्षालाई उच्च महत्व दिएको छ। यसै तथ्यलाई हृदयङ्गम गरि बुढानिलकण्ठ नगरपालिकाले शिक्षा नीति तयार पारेको हो। यो शिक्षा नीति नगरपालिकाको शैक्षिक विकासको दृष्टिकोण र कार्यदिशा तय गर्न मार्गनिर्देशक बन्ने अपेक्षा गरिएको छ।

**अनुसूची: १**

**शिक्षा नीति तयारीमा संलग्न शिक्षा नीति तयारी समिति र सुझाब दिनुहुने महानुभावहरुको नामावली:**

**शिक्षा नीति तयारी समितिमा रहनुहुनेहरु:**

संयोजक लक्ष्मीराम पौडेल
सदस्य बाबुकाजी श्रेष्ठ,
सदस्य पुष्पराज अधिकारी,
सदस्य शान्ता ढकाल पुडासैनी,
सदस्य तुलसी थापा खड्का,
सदस्य राधेश्याम श्रेष्ठ,
सदस्य श्याम श्रेष्ठ
सदस्य मदन कुमार पौड्याल
सदस्य सचिब ललितबिक्रम सिंह

**१७ सुझाब दिनुहुने महानुभाबहरु:**
नगर प्रमुख मिठाराम अधिकारी
नगर उप प्रमुख अनिता लामा
प्रमुख कार्यकारी अधिकृत तुलसी प्रसाद अर्याल